**मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ लाई संशोधन गरी आर्थिक विधेयक, २०८२ द्वारा अनुसुचीबाट हटाईएका वस्तु तथा सेवाहरू**

**(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)**

| | | |
|---|---|---|
| | | **समूह ४: कृषि सामग्रीहरु** |
| ३१.०२ | | नाइट्रोजनयुक्त खनिज वा रासायनिक मलखादहरू । |
| | | -जलीय घोलमा भएको वा नभएको युरियाः |
| | ३१०२.१०.१० | ---डिजेल इगजस्ट फ्लुड |
| | | **समूह ५ः औषधि उपचार तथा यस्तै स्वास्थ्य सेवाहरू** |
| | ३००४.९०.४१ | जीवन दशमुलारिष्ट, अशोकारिष्ट, कल्पसुन्दरी समेत भन्ने शब्दहरु झिकिएको। |
| | | **समूह ११ः अन्य वस्तु तथा सेवा** |
| | | **(अ) मालबस्तुहरु** |
| ७१.०२ | | परिष्कार गरिएको वा नगरिएको, तर नजडेको वा सेटमा नराखिएको हीरा । |
| | ७१०२.१०.०० | -किसिम नछुट्याइएको |
| | | -ओद्योगिकः |
| | ७१०२.२१.०० | --परिष्कार नगरिएको वा सामान्य चिरेको, फुटाएको वा आकार दिएको |
| | ७१०२.२९.०० | --अन्य |
| | | -गैर-औद्योगिक |
| | ७१०२.३१.०० | --परिष्कार नगरिएको वा सामान्य चिरेको, फुटाएको वा आकार दिएको |
| | ७१०२.३९.०० | --अन्य |
| ७१.०३ | | परिष्कार गरिएको वा नगरिएको वा स्तर छुट्याएको वा नछुट्याएको तर नउनेको, नजडिएको वा सेटमा नराखिएको, बहुमूल्य पत्थर (हीरा बाहेक); परिवहनको सुविधाका लागि अस्थायी रूपमा उनेको, स्तर नछुट्याएको बहुमूल्य पत्थर (हीरा बाहेक) र अर्ध बहुमूल्य पत्थरहरू । |
| | ७१०३.१०.०० | -परिष्कार नगरिएको वा सामान्य रूपमा चिरेको वा खस्रो आकारको |
| | | -अरू किसिमले परिष्कार गरिएको |
| | ७१०३.९१.०० | --लालमणि (रुबी), नीलम (स्याफायर) र पन्ना (इमेरल्ड) |
| | ७१०३.९९.०० | --अन्य |
| ७१.०५ | | प्राकृतिक वा संश्लेषित बहुमूल्य वा अर्ध बहुमूल्य पत्थरको धुलो र चूर्ण। |
| | ७१०५.१०.०० | -हीराको |
| | ७१०५.९०.०० | -अन्य |
| | | - बहुमूल्य धातुहरू र बहुमूल्य धातुले ढाकिएको धातु (मेटल्स क्ल्याड) |

**मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ लाई संशोधन गरी आर्थिक विधेयक, २०८२ द्धारा अनुसुचीमा थप गरिएका वस्तु तथा सेवाहरू**

**(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)**

| | | |
|---|---|---|
| | | **समूह ३: जीवजन्तु तथा सोको उपज** |
| ०२.०७ | | शीर्षक ०१.०५ का घर पालुवा चराहरू (पोल्ट्री) को ताजा (फ्रेस), चिस्याएको (चिल्ड) वा हिमीकृत (फ्रोजन) मासु र खान हुने अफल मासु। |
| | ०२०७.१२.०० | --टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत |
| | ०२०७.१४.०० | -- टुक्राहरू र अफल मासु, हिमीकृत |
| | ०२०७.२५.०० | --टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत |
| | ०२०७.२७.०० | -- टुक्राहरू र अफल मासु, हिमीकृत |
| | ०२०७.४२.०० | --टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत |
| | ०२०७.४५.०० | --अन्य, हिमीकृत |
| | ०२०७.५२.०० | --टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत (फ्रोजन) |
| | ०२०७.५५.०० | --अन्य, हिमीकृत |
| ०४.०३ | | दही (योगर्ट); मही (बटर मिल्क), दही (कर्डल्ड मिल्क) र तर (क्रिम), केफिर र अन्य कुहाएर (फर्मेन्टेड) वा अम्लीकरण (एसिडीफाइड) गरिएको दुध र तर (क्रिम), जमाइएको वा नजमाइएको वा चिनी वा अन्य गुलियो पदार्थ हालिएको वा नहालिएको वा स्वादिष्ट पारिएको वा नपारिएको वा फल, सुक्खा फल वा कोकोसहित वा रहित । |
| | ०४०३.९०.०० | -अन्य |
| ०४.०६ | | चीज र दही (कर्ड) । |
| | ०४०६.९०.१० | ---छुर्पी |
| | | **समूह ४: कृषि सामग्रीहरु** |
| ३१.०२ | | नाइट्रोजनयुक्त खनिज वा रासायनिक मलखादहरू । |
| | | -जलीय घोलमा भएको वा नभएको युरिया: |
| | ३१०२.१०.२० | ---टेक्निकल ग्रेड |
| | ३१०२.१०.३० | ---फर्टिलाईजर ग्रेड |
| | ३१०२.१०.९० | ---अन्य |
| | | **समूह ५: औषधि उपचार तथा यस्तै स्वास्थ्य सेवाहरू** |
| ३०.०४ | | खुद्रा बिक्रीको लागि परिमित मात्राहरूमा (छालाको माध्यमबाट (ट्रान्सडर्मल) प्रयोग गरिने पद्धतिको रूपमा भएका समेत)) वा स्वरूपमा वा संवेष्टन (प्याकिङ्ग) मा राखिएका उपचारात्मक वा प्रतिकारात्मक प्रयोगका मिश्रित वा अमिश्रित उत्पादनहरू भएका औषधिहरू (शीर्षक ३०.०२, ३०.०५ वा ३०.०६ का वस्तुहरू बाहेक)। |

| | | |
|---|---|---|
| | ३००४.५०.०० | -अन्य, भिटामिनहरू वा शीर्षक २९.३६ का अन्य उत्पादनहरू भएका |
| ९०.२१ | | हाडजोर्नीको उपचार सम्बन्धी उपकरणहरू, वैशाखी समेत, शल्यचिकित्सा सम्बन्धी पेटी र गद्दादार पेटी (ट्रस) हरू; सिधा गरी अड्याउने (स्प्लिन्ट) र हाड भांचिएकोमा प्रयोग हुने अन्य उपकरणहरू; शरीरका कृत्रिम भागहरू, शरीरका खराबी वा असक्षमता परिपूर्ति गर्नका लागि प्रयोग हुने, श्रवण-शक्ति बढाउने र यस्तै खालका शरीरमा लगाउने, धारण गर्ने वा प्रत्यारोपण गर्ने अन्य उपकरणहरू । |
| | ९०२१.४०.०० | -श्रवण-शक्ति बढाउने उपकरणहरू, पार्टपुर्जा सहायक सामग्रीहरू बाहेक |

द्रष्टब्यः

(१) बुँदा नं. (५) को सट्टा देहायको बुँदा राखिएको।

"(५) औषधि व्यवस्था विभागको सिफारिसमा औषधि उद्योगले पैठारी गर्ने भाग २८, २९ र ३८ मा पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र रासायनिक पदार्थ; शीर्षक ११.०८ का सबै उपशीर्षकमा पर्ने माड (स्वेतसार), उपशीर्षक १३०२.१९.०० मा पर्ने जडिबुटीका सार, शीर्षक १५.२१ मा पर्ने मौरीको वनस्पति तथा अन्य मैन, उपशीर्षक १७०१.१४.९० मा पर्ने उखुको अन्य चिनी, उपशीर्षक १७०२.११.०० मा पर्ने ल्याक्टोज, उपशीर्षक १७०२.३०.१० र १७०२.३०.२० मा पर्ने ग्लुकोज, उपशीर्षक १७०२.३०.३० मा पर्ने डेक्स्ट्रोज र उपशीर्षक १७०२.९०.९० मा पर्ने फ्रुक्टोज वा अन्य चिनी, उपशीर्षक १९०५.९०.४० मा पर्ने औषधि भर्न हुने खाली क्याप्सुल (एम्टी क्यासे), उपशीर्षक २२०७.१०.१० र २२०७.२०.९० मा पर्ने इथानोल, उपशीर्षक २२०७.१०.२० र २२०७.२०.१० मा पर्ने रेक्टिफाइड स्प्रिट, उपशीर्षक २५१९.९०.०० मा पर्ने म्याग्नेसियम अक्साइड, शीर्षक २७.१२ मा पर्ने ह्वाइट सफ्ट प्याराफिन र पेट्रोलियम जेली, शीर्षक ३२.०३ र ३२.०४ का सबै उपशीर्षकमा पर्ने रङ्ग, शीर्षक ३२.०५ मा पर्ने कोटिङ्ग मेटेरियल्स, उपशीर्षक ३३०१.९०.०० मा पर्ने एसेन्सियल आयल, उपशीर्षक ३४०२.४९.०० मा पर्ने टिवइन ८० सोडियम लौरेल सल्फेट, उपशीर्षक ३४०४.२०.०० र ३४०४.९०.०० मा पर्ने मैन, उपशीर्षक ३५०१.९०.०० मा पर्ने सोडियम केसिनेट, उपशीर्षक ३५०७.९०.०० मा पर्ने इन्जाइम, उपशीर्षक ३९०५.९९.०० मा पर्ने पोलिभिनायल पिरालोडोन (भिनायल एसिटेड) एसिटेड, उपशीर्षक ३९०६.९०.०० मा पर्ने कारबोमर्स, उपशीर्षक ३९१०.००.०० मा पर्ने प्राथमिक रुपका सिलिकनहरु, शीर्षक ३९.१२ मा पर्ने माइक्रोक्रिस्टिलाइन सेलुलोज, शीर्षक ३९.१४ मा पर्ने को-पोलिमर टेष्ट मेकिङ्ग, उपशीर्षक ४०१४.९०.०० मा पर्ने रबर स्टोपर, उपशीर्षक ४८२१.१०.०० मा पर्ने लेबल, उपशीर्षक ७०१०.१०.०० मा पर्ने एम्पुल तथा उपशीर्षक ७६१२.१०.०० मा पर्ने आल्मोनियमका लचकदार ट्युव; शीर्षक ३९.२०, ३९.२१ र ४८.१९ का सबै उपशीर्षक एवं उपशीर्षक ३९२३.१०.१०, ३९२३.१०.९०, ३९२३.३०.९०, ३९२३.५०.००, ७०१०.९०.००, ७६०७.११.००, ७६०७.१९.००, ७६०७.२०.०० र ९६०२.००.०० मा पर्ने प्याकिङ्ग मेटेरियल तथा उपशीर्षक ३९२६.९०.९९ मा पर्ने १५ एम.एल. सम्म क्षमताका मेजरिङ्ग कपहरू तथा इन्ट्रा ओकुलर लेन्स (आइ.ओ.एल.), **उपशीर्षक ८३०९.९०.०० मा पर्ने आधारभुत धातुका बिर्को** उत्पादनमा प्रयोग गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र रासायनिक पदार्थ।"

(२) बुँदा नं. (१०) को सट्टा देहायको बुँदा राखिएको।

"(१०) नेपाल सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थाले पैठारी गर्ने मृगौला उपचारमा प्रयोग हुने

| | | |
|---|---|---|
| उपशीर्षक ९०१८.९०.९० मा पर्ने हेमो डायलाइसिस मेशिन, डाइलासिस रिप्रोसेसर, डायलाइजर र यसको ट्यूविङ्गः उपशीर्षक ९४०२.९०.२० मा पर्ने डाइलासिस बेड तथा उपशीर्षक ९४०२.९०.९० मा पर्ने कुर्सी; मुटुको रोग निदान तथा उपचारमा प्रयोग हुने उपशीर्षक ९०१८.११.०० मा पर्ने इकोकार्डियोग्राफ; **<u>उपशीर्षक ९०१८.९०.९०</u>** मा पर्ने भिडियोस्कोप, क्याथल्याब, हर्टलङ्ग मेशिन र डिफ्रीब्रिलेटर; क्यान्सर रोगको निदान तथा उपचारमा प्रयोग हुने उपशीर्षक ९०२२.१२.०० मा पर्ने पोजिट्रोन इमिसन टोमोग्राफी (पेट) स्क्यान मेशिन, कम्प्यूटेड टोमोग्राफी (सी.टी.) स्क्यान मेशिन, मेमोग्राफी; उपशीर्षक ९०२२.२१.०० मा पर्ने ब्रेसीथेरापी र लिनियर एक्सिलरेटरः उपशीर्षक **<u>९०१८.१९.९० मा पर्ने फ्लो साइटोमिटर, नेक्स्ट जेनेरेशन सिक्वेन्सर र प्रोटिन माइक्रोएरी प्लेटफर्म,</u>** ९०१८.९०.३० मा पर्ने मल्टिप्लेक्स रियल टाइम पि.सी.आर. उपशीर्षक ९०२७.८९.१० मा पर्ने हेमाटोलोजी एनालाइजर, ब्लड केमेष्ट्री एनालाइजर, क्लिनिकल केमेष्ट्री एनालाइजर र इम्युनोकेमेष्ट्री एनालाइजरः उपशीर्षक ९०१८.१३.०० मा पर्ने म्यागनेटीक रिजोनेन्स इमेजिङ्ग (एम.आर.आई) मेशिन।" | | |
| **समूह ११ः अन्य वस्तु तथा सेवा** | | |
| **(अ) मालवस्तुहरु** | | |
| १४.०४ | | अन्यत्र उल्लेख वा समावेश नभएका वनस्पति उत्पादनहरू। |
| | १४०४.९०.५० | ---रुद्राक्षका दानाहरू |
| ८४.७९ | | यस भागको अन्यत्र उल्लेख नभएका वा समावेश नभएका, निर्दिष्ट एकल कार्य (इनडिभिजुअल फङ्क्सन्स) मात्र सम्पादन गर्ने क्षमता भएका यन्त्र र यान्त्रिक उपकरणहरू। |
| | ८४७९.८९.९२ | ---प्राकृतिक तथा प्राङ्गारिक मल उत्पादन गर्ने मेशिनहरु |

**<u>(आ) अन्य वस्तु तथा सेवाहरू</u>**

१. बुँदा नं. ४ को सट्टा देहायको बुँदा राखिएको।

"(४) वित्तीय सेवा, जीवन बीमा सेवा, दुर्घटना बीमा, स्वास्थ्य बीमा, पुनर्वीमा सेवा, कृषि वाली बीमा, फलफूल बीमा, मौरी बीमा, पशु बीमा, पक्षी बीमा, मत्स्य बीमा, लघु बीमा, **<u>समाशोधन गृह (क्लियरिङ्ग हाउस) सेवा,</u>** मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर), मुद्रा सटही (मनि एक्सचेञ्ज), स्वीफ्ट सेवा, हायर पर्चेज कारोबार, निक्षेप तथा कर्जा सुरक्षण सेवा, पुँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैङ्किङ्ग व्यवसाय, कमोडिटी फ्यूचर मार्केट र धितोपत्र तथा कमोडिटी दलाल व्यवसाय।"

२. बुँदा नं. ६ को सट्टा देहायको बुँदा राखिएको।

"(६) (क) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा पैठारी हुने सौर्य शक्तिबाट विद्युत उत्पादन गर्न प्रयोग हुने वस्तुहरु।

(ख) सौर्य उर्जाबाट मात्र सञ्चालन हुने तथा सौर्य ताप उर्जा उत्पादनमा प्रयोग हुने निम्न उपशीर्षकमा पर्ने वस्तुहरुः
७४१०.२१.००, ७६०७.१९.००, ८४०३.१०,००, ८४०३.९०.००, ८४१२.८०.००, ८४१९.३४.००, ८५१६.६०.११. ८५१६.६०.१२ र ८५१६.६०.१९

(ग) उपशीर्षक ८५०७.६०.०० मा पर्ने लिथियम आयन व्याट्री र उपशीर्षक

८५०७.९०.०० मा पर्ने ब्याट्री बक्स, ब्याट्री प्याक र सेपरेटर।

३. बुँदा नं. ११ को सट्टा देहायको बुँदा राखिएको।

"(११) जल, सौर्य तथा वायुबाट विद्युत उत्पादन, वितरण र प्रसारण लाइन आयोजनाको लागि आवश्यक पर्ने निर्माण उपकरण, मेशिनरी औजार, उच्च भण्डारण क्षमताका ब्याट्री र सोसँग सम्बन्धित पार्टपुर्जा तथा त्यस्ता उपकरण निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थ (स्टील सिट) लगानी बोर्डको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो बोर्डको, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो केन्द्रको र अन्य आयोजनाको हकमा (नेपाल विद्युत प्राधिकरणबाट सञ्चालन हुने आयोजना समेत) विद्युत विकास विभागको सिफारिसमा सम्बन्धित आयोजना वा सोको ठेकेदार वा आयोजनाको प्रवर्द्धकले पैठारी गरी आयोजनालाई आपूर्ति गर्दा मूल्य अभिवृद्धि कर छुट दिइनेछ।"

४. बुँदा नं. १९ पछि देहायका बुँदा नं. २०, बुँदा नं. २१, बुँदा नं. २२, बुँदा नं. २३ र बुँदा नं. २४ थपिएका छन्:-

"२०. औद्योगिक क्षेत्र वा औद्योगिक ग्राम निर्माण वा स्थापनाका लागि आवश्यक पर्ने उपकरण, मेशिनरी औजार पाटपुर्जा तथा निर्माण सामाग्री लगानी बोर्डको सिफारिशमा त्यस्तो क्षेत्र वा ग्राम निर्माण वा स्थापना गर्ने व्यक्ति वा सो को ठेकेदारले पैठारी गर्दा मूल्य अभिवृद्धि कर छुट दिइनेछ।

तर यस बुँदा बमोजिम सिफारिश गर्दा औद्योगिक क्षेत्र वा औद्योगिक ग्राम निर्माण वा स्थापनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन प्रतिवेदनमा उल्लिखित परिमाण अनुसार सिफारिश गर्नु पर्नेछ "

२१. विद्युतीय सवारी साधन चार्जिङ्ग मेशिन उत्पादन वा एसेम्बलिङ्ग गर्ने उद्योगले उद्योग विभागको सिफारिसमा पैठारी गर्दा मूल्य अभिवृद्धि कर छुट दिइनेछ ।

२२. काठ तथा काठजन्य सामग्रीको सिजनिङ्ग गर्ने उद्योगलाई आवश्यक पर्ने मिल मेशिनरी उद्योग विभागको सिफारिशमा पैठारी गर्दा मूल्य अभिवृद्धि कर छुट दिइनेछ ।

२३. फुटबल, क्रिकेट तथा बहुउद्देश्यीय रंगशालाको पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने मेशीन, यन्त्र तथा उपकरण युवा तथा खेलकुद मन्त्रालयको सिफारिसमा पैठारी गर्दा मूल्य अभिवृद्धि कर छुट दिइनेछ।"

२४. ग्रीन हाइड्रोजन उत्पादनको लागि आवश्यक पर्ने मेशिन, यन्त्र तथा उपकरण उर्जा तथा जलस्रोत मन्त्रालयको सिफारिसमा पैठारी गर्दा मूल्य अभिवृद्धि कर छुट दिइनेछ ।"

## मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची -२ लाई संशोधन

## अनुसूची -२

## (दफा ७ को उपदफा (२) साँग सम्बन्धित)

## शुन्य दरमा कर लाग्ने वस्तु तथा सेवाहरु

(१) दफा ६ को सट्टा देहायको दफा राखिएको।

"६. देहाय बमोजिमका व्यक्तिको लागि आवश्यक पर्ने मेशिनरी औजारहरु र तिनका पार्टपुर्जा, यन्त्र उपकरणहरू, निर्माण सामग्री, पेनस्टक पाईप वा सो बनाउन प्रयोग हुने फलामे पाता स्थानीय उद्योगबाट उत्पादन हुने भई सोही उद्योगबाट सम्बन्धित व्यक्ति वा सोको ठेकेदारलाई आपूर्ति गर्ने भएमा देहायका निकायको सिफारिसमा विभागले तोकेको प्रक्रिया बमोजिम त्यस्तो उद्योगलाई सो कारोबारमा शून्य दरको सुविधा प्रदान गरिनेछः-

(क) जल, सौर्य तथा वायुबाट सञ्चालित विद्युत आयोजनाका लागि लगानी बोर्ड नेपालको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो बोर्डको, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो केन्द्रको र अन्य आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा ।

(ख) प्राङ्गारिक तथा प्राकृतिक मल उत्पादन गर्ने उद्योगको हकमा उद्योग विभागको सिफारिसमा।

(ग) औद्योगिक क्षेत्र वा औद्योगिक ग्राम निर्माण वा स्थापना गर्नेको हकमा लगानी बोर्ड नेपालको सिफारिसमा।"